नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशासन शाखा 'राजपत्राकित')

पत्र संख्याः क.प्र.रा.प.(१४-१) ०७२।०७३

चलानी नं. ९८४

मितिः २०७२/०८/२८

**विषयः- ताकेता ।**

**श्री सबै मन्त्रालय/सचिवालय/आयोग/केन्द्रीयस्तर कार्यालय**

**काठमाडौं ।**

प्रस्तुत बिषयमा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७२।०८।१० को निर्णयानुसार मिति २०७२।०८।१३ को पत्रबाट देहायमा उल्लेखित बिषयमा परिपत्र गरिएकोमा हालसम्म त्यस निकायबाट कुनै जबाफ प्राप्त हुन नआएकोले पुन ताकेता गर्नु नपर्ने गरी पत्र प्राप्त भएको मितिले ३ (तीन) दिन भित्र निर्णय कार्यान्वयन गरी सोको जानकारी यस मन्त्रालयलाई दिनुहुन आदेशानुसार अनुरोध छ । उक्त अबधि भित्र ताँहाबाट कारबाही भई जानकारी प्राप्त नभएमा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम बमोजिम भई जाने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**मिति २०७२।०८।१३ को परिपत्र भएको व्यहोराः**

१. निजामती सेवा ऐन, (चौथो संशोधन सहित) २०४९ को दफा १८(क) बमोजिम यस मन्त्रालयको निर्णयबाट बिभिन्न मन्त्रालय/निकायका दरबन्दीमा रहेका कर्मचारीहरुलाई त्यस मन्त्रालय/निकायमा काजमा खटाइएकोमा (अस्थायी दरबन्दी र सचिबालय काज बाहेक) निजहरुलाई पदाधिकार रहेकै कार्यालय/निकायमा ७ (सात) दिन भित्र काज फिर्ता पठाई सो को जानकारी यस मन्त्रालयलाई पठाउने ।
२. निजामती कर्मचारीहरुलाई सरुवा गर्दा वा काज खटाउदा निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा सरुवा तथा काज सम्बन्धी भएका व्यबस्था प्रतिकुल नहुने गरी मात्र सरुवा गर्ने तथा काज खटाउने व्यबस्था कडाइका साथ लागु गर्ने ।
३. बिभिन्न मन्त्रालय तथा निकायहरुमा रिक्त रहेका पदहरु र ती पद पूर्ति गर्न भएको कारबाहीको यथार्थ बिबरण यस मन्त्रालयलाई यथाशिघ्र उपलब्ध गराउने ।

(दिनेशसागर भुसाल)
उपसचिव

**बोधार्थः**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौ ।